

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस ! चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ २ गते सोमबार ❑ 16 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


# ७२ जना सवार यतिको विमान दुर्घटना

## पोखरा स्तब्ध, ६८को शव भेटियो, पत्रकार पौडेलको निधन

**रासस**
**काठमाडौं, १ माघ**

यति वेला पोखरेली स्तव्ध भएका छन् । माघे सक्रान्तिको दिन आइतबार बिहान १० :५७ बजे यति एयरलायन्सको विमान पोखरामा दुर्घटनामा पर्दा पोखरेलीहरु स्तव्ध भएका हुन् ।

विभिन्न पेशा व्यवसाय र विभिन्न कामले गर्दा पोखरा फर्किदै गरेका पोखरेलीहरु सवार यति एयरलायन्सको ९ एन ए एन सी, एटीआर–७२ ५०० नम्बरको विमान दुर्घटनामा पर्दा पोखरालाई ठुलो क्षति भएको छ। उक्त विमानमा सवार ६८ जनाको शव भेटिएको छ भने ११ जनाको सनाखत भएको श्रोतले जनाएको छ।

आइतबार विहान १०:३२ बजे काठमाडौंबाट पोखरा तर्फ आउदै गरेको उक्त विमान पोखरा १५ स्थित नयाँगाउँको सेती नदीको खौंचमा दुर्घटना हुँदा ७२ जना यात्रु रहेका मध्य हालसम्म ६८ जनाको शव भेटिएको पोखरा अन्तराष्ट्रिय विमानस्थल कार्यालयले जनाएको छ । उक्त विमानका पाइलट कमल केसी कास्कीका हुन्। चालक दलका अन्य ३ सदस्यहरुमा अन्जु खतिवडा, सुजना होंगचुन र ओसीन आले मगर रहेका थिए।

पोखरा अन्तरार्ष्ट्रिय विमानस्थलको टावरमा १०:५७ बजेसम्म सम्पर्कमा रहेकोले उक्त विमानका पाइलट कमल केसीले पश्चिम तर्फको रुटमा अवतरण गर्न माग गरे अनुसार आफुहरुले अनुमति दिएको पोखरा अन्तराष्ट्रिय विमानस्थलका प्रमुख बिक्रम गौतमले बताए । उक्त विमान दुर्घटना हुनु पुर्व विमानको पंखा समेत नचलेको विमानमा आगो लागेको हुन सक्ने स्थानीयले बताएका छन् ।

उक्त विमानमा २५ जना महिला, ३७ जना पुरुष, ३ बालक, २ शिशु रहेको यति एयरलायन्सले जनाएको छ । उक्त विमानमा १५ जना विदेशी यात्रु सवार थिए । पाँचजना भारतीय, चार जना रसियन, दुई जना कोरियन, एक अर्जेन्टिनी, एक आइसिरिस र एक फ्रान्सेली नागरिक रहेको





कम्पनीले जनाएको छ।

सेती नदीको छेउमा बजारिएर सेतीनदी खौंचमा धेरै तल विमान खसेका कारण उद्धारमा कठिनाई भएको कास्कीका प्रमुख जिल्ला अधिकारी टेक बहादुर केसीले बताए । आइतबार साँझसम्म पनि ४ जना वेपत्ता भएकोले लाइट बालेर वेपत्ता ४ जनाको खोजि कार्य भई रहेको उनले जनाए । सोमबार शव पहिचान गर्दै यस क्षेत्रको शव पोष्टमाटम पश्चात उनीहरुका आफन्तलाई शव बुझाउने तयारी गरिएको प्रजिअ केसीले बताए । पोखरा क्षेत्र भन्दा बाहिरका तथा विदेशीहरुको शव सोमबार हेलिकोप्टरको सहायताबाट काठमाण्डौं पुराउने उनले बताए । दमकलको सहायताले केही घण्टाको प्रयासमा मात्र उक्त विमानमा लागेको आगो नियन्त्रणमा लिइएको प्रजिअ केसीले बताए । उक्त विमानमा लागेको आगो नियन्त्रणको लागि हेलिकोप्टरबाट समेत पानी हालिएको थियो भने वेपत्ताको खोजि गर्दा क्रेनको समेत प्रयोग गरिएको उनले जनाए । भेटिएको शव पोखराको पश्चिमाञ्चल क्षेत्रिय अस्पताल (पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान) को शव गृहमा राखिएको छ।

घटना हुन साथ सुरक्षा निकायका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, रेस्क्यु टिम सहित स्थानिय उद्धारमा खटिएका थिए । पोखरा रंगशाला भन्दा करिब २ सय मिटर तल्लो भागको सेतीखोजको डिलमा खेतमा दुर्घटना भएको विमान उछिट्टिएर खोजमा परेको स्थानियले बताएका छन् । उक्त विमानको भर् याङ, एउटा पंखाको केही भाग र केही टुक्राको भाग वारि थियो भने ठुलो भाग पारि पाखामा पुगेको थियो । उक्त विमान दुर्घटनामा परेसंगै स्थानिय सहित सुरक्षाकर्मी उद्धारमा खटिएका थिए । यात्रुका आफन्त, पोखरेली देखि माघे सक्रान्ति मेला हेर्न गएका हजारौं मानिसहरुको भिडले सुरक्षाकर्मीलाई भिड नियन्त्रण गर्न हम्मे हम्मे भएको थियो ।

**रहेनन् पत्रकार पौडेल**

उक्त विमानमा नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य, नेपाल पत्रकार महासंघ गण्डकीका संस्थापक अध्यक्ष, महासंघ कास्कीका पूर्व उपाध्यक्ष एवं प्रेस सेन्टर नेपालका केन्द्रिय उपाध्यक्ष



त्रिभुवन पौडेल अस्ताएका छन् । हसिलो अनुहार सवैसंग मिल्ने फुर्तीलो स्वभाव र केही न केही गर्न खोज्ने पत्रकार पौडेल आइतबार यति एयरलायन्सको उक्त विमानमा १०:३० बजेको टिकट लिनु दुभाग्य भएको छ।

प्रेस सेन्टरको पदाधिकारीको बैठकमा सहभागि हुन शुक्रबार काठमाडौं गएका पौडेल आइतबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई विहान भेट्ने कार्यक्रम तय भए पनि प्रधानमन्त्री विभिन्न कार्यक्रममा व्यस्त भएका कारण उनी विहान १०:३० बजेको टिकट लिएका थिए । जन्म घर पर्वत भएका पौडेल विगत लामो समय देखि पोखरामा पत्रकारिता गर्दै आएका थिए भने हाल पोखरा ११ फुलवारीमा बस्दै आएका थिए । उनका आमा, श्रीमाती र एक छोरा (३ बर्ष) छन् । उनी पोखराबाट प्रकाशित हुने हट्लाइन राष्ट्रिय दैनिकका संचालक हुन । पौडेल हटलाइन, रेडियो अन्नपूर्ण, नेपाल टेलिभिजन, हिमाल खबर पत्रिका लगायतका संचार माध्यममा काम गरेका थिए । उनीले अर्थ मन्त्री कृष्ण बहादुर महराको प्रेस संयोजकको रुपमा समेत काम गरेका थिए । उक्त विमानमा पत्रकार अनिल शाही सवार भएका थिए। स्थानिय एपोष्टल रेडियोमा कार्यरत शाही काठमाडौमा बिषेश कामले गएको उनका आफन्तले जनाएका छन्।

**हेमजाका दुई जोडी पनि विमानमा**

पोखरा २५ (हेमजा) का दुई श्रीमान श्रीमतीको जोडी समेत विमानमा सवार भएको स्थानियले बताएका छन् । हेमजाका राजन सापकोटा र अनिसा बानियाको जोडी र जितेन्द्र कुवंर र भगवती कुवंरको जोडी समेत उक्त विमानमा सवार भएका थिए। चार वर्ष अघि डिभि परेर अमेरिका गएका सापकोटा गत वर्ष माघमा आएर विवाह गरी अमेरीका फर्किएका थिए । सापकोटाले यसपाली माघे सक्रान्ति मनाउदै श्रीमतीलाई अमेरिका लैजानका लागि केही दिन अघि मात्र नेपाल आएका थिए । अनिसा बानिया श्रीमानलाई लिन काठमाण्डौ गएकी थिईन । नौ महिनापछि भेट भएका श्रीमान श्रीमती काठमाण्डौबाट पोखरा आउदा उक्त विमानमा आउने क्रममा दृर्घटनामा परेका हुन् ।

पोखरा २५ (हेमजा) घर भएका जितेन्द्र कुँवर आफ् नी छोरीको डेरा सार्न केही दिन अघि छोरा जेनिस सहित काठमाडौं गएका थिए । श्रीमती भगवती र छोरी जेनिसा भने काठमाडौमा बस्दै आएका थिए। डाक्टर पढेर सकेकी छोरी जेनिसाले पोखरा १६ स्थित मातृशिशु मितेरी अस्पतालमा जागरिको व्यबस्था भएसंगै उनलाई लिन बाबु जितेन्द्र छोरा सहित काठमाण्डौ गएका थिए। छोरी जेनिसा सोमबारदेखि कार्यालयमा हाजिर हुनुपर्ने भएपछि शनिबार बसबाट पोखरा आएकी थिईन भने बाबु सगै गएका जेनिस अर्को एक आफन्त सगै शनिबार ट्रकमा सामान लिएर पोखरा आएका थिए। छोरी बस र छोरा ट्रकमा सामान लिएर पोखरा गएपछि कुँवर दम्पत्तीले आईतबार बिहानको जाहाजको टिकट काटेर माघे सक्रान्ति मनाउने योजना बनाए पनि उक्त विमान दुर्घटनामा परेका हुन्।

रोजगारको लागि हङकङ पुगेका पोखरा २२ का रक्कि गुरुङ आफ्नो जन्म घर पोखरा उक्त विमानमा आउदै थिए । गण्डकी प्रदेशको कानून संचार तथा प्रदेश सभा मामिलामा अधिकृत पदमा कार्यरत लक्ष्मी पौडेल समेत उक्त विमानमा सवार भएकी थिइन्। छैटौं पदमा कार्यरत पौडेल कार्यालयकै कामको लागि काठमाण्डौं गएको मन्त्रालयले जनाएको छ।

**माघे सक्रान्ति मनाउन पोखरा आएको श्रेष्ठ दम्पती**

काठमाण्डौको ट्रमा सेन्टरमा कार्यरत सर्जन (डा.) सुसिल श्रेष्ठ, श्रीमती डा. सेना दिवाकर र १० महिने छोरा सहित माघे सक्रान्ति मनाउनका लागि उक्त विमानमा पोखरा आएका थिए । पोखरा महानगरपालिका वडा नम्बर ४ घर भएका उनीहरु पोखरा १५ को सेतीखोजमा उक्त विमान दुर्घटनामा परी हालसम्म वेपत्ता भएका छन्। बुबा मदनकाजीले माघे सक्रान्ति मनाउनका लागि भन्दै बोलाएको उनका आफन्तले जनाए । एक साताको बिदा लिएर परिवार भेट्न आएका श्रेष्ठ दम्पत्ती आफनो १० महिने छोरा सहित घर आई नपुग्दै बाटोबाटै उक्त विनमा दुर्घटनामा परी वेपत्ता भएका छन् ।

**विमान दुर्घटनाको बिषयमा स्थानीय के भन्छनः**

८७ बर्षका स्थानिय ववरसिंह गुरुङ माघे सक्रान्ति पर्व मनएसंगै पारिलो घाम ताप्दै थिए । घडीमा लगभग १०:५७ बजूदै गर्दा एकाएक आफु भन्दा माथि नजिकै यति एयरलायन्सको विमान हल्का कालो मुस्लो फाल्दै हुई गर्दै सेतीखोज नजिकेको छेटमा बजारिएको देष्य देखेर उनी हार गुहार गर्न थाले । विमान दुर्घटना भएको स्थल भन्दा करिब एक सय मिटर टाडाको दुरीमा विमानबाट यति एयरलायन्स लोगो अंकित कफिको ग्लास र जलेको काठजस्तो देखिने एउटा बस्तु समेत खसेको उनी बताउछन् । स्थानिय बलबहादुर गुरुङले आफुहरुको घर नजिकैबाट उक्त विमान आएर सेतीखोज छेउमै दुर्घटना हुँदा सेतीखोजमा विमान पर्न गएको बताए । पोखरा बसपार्क देखि सेतीखोच तर्फ आएको उक्त विमान निकै कोल्टे परेर स्वाठ्ठै झरेर ड्याम आवाज आएसंगे आगो र मुस्लो एकै पटक आएको उनले बताए । धुवा र आगोको मुस्लोसंगै सेतीखोजमा उक्त विमान खसेसंगै आफुहरुले हार गुहार गर्न लागेको स्थानिय बल बहादुरले बताए। घरै उडायो की भनेको धन्न घर बचेकोमा उनी छक्क परे ।

# बेपत्ताको खोजी कार्य राति पनि गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, १ माघ**

यती एयरलाइन्सको जहाज दुर्घटनामा बेपत्ताको खोजी कार्य राति पनि जारी राखिने भएको छ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरिक्षक (एसपी) अजय केसीले खोजी कार्यलाई राति पनि जारी राख्नका लागि घटनास्थल सेती खौंचमा लाइट जडान गरिसकिएको बताउनुभयो। 'खोजी कार्यको सुरक्षाकर्मीका तर्फबाट कुनै कमी हुन नदिनका लागि राति पनि सम्भव भएसम्म शवहरु खोजी गर्नेछौं', प्रमुख केसीले भन्नुभयो ।

दुर्घटनामा परी मृत्यु भएका ६८ जनाको शव पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा परीक्षणका लागि लगिएको छ । 'अब बेपत्ता चार जनाको पनि खोजीमा लागेका छौं, राति नभेटिए सोमबार पनि खोजी कार्यलाई तीव्र पाछौं', उहाँले भन्नुभयो । अहिले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाका टोली खोजीमा खटिएका छन् । नेपाली सेनाका मात्रै दुई सय बढी खटिएका छन् । प्रहरी र सशस्त्र प्रहरी पनि सयौँको संख्यामा खटिएका छन् ।

काठमाडौँबाट सशस्त्र प्रहरीको गोताखोरको टोली पोखरा आएको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले राति पनि बत्ती जडान गरी खोजी गर्न लागिएको जानकारी दिनुभयो । उहाँका अनुसार जहाजमा रहेका चारजना अझै बेपत्ता छन् । अहिलेसम्म ६८ जनाको शव फेला परेको छ। उनीहरुको शव पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा लगिएको छ। 'सबै जनाको शव आज नै निकाल्न सकियोस् भनेर राति पनि खोजी गर्न लागिएको हो,' प्रजिअ केसीले भन्नुभयो । मृतकका परिवारलाई सोमबार शव बुझाउने तयारी रहेको पनि प्रमुख जिल्ला अधिकारी केसीले जानकारी दिनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

# ल्वाङघलेलमा गण्डकी प्रदेश अन्तर वडा पुरुष भलिवल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १ माघ**

पर्यटकीय गाउँ ल्वाङघलेलको ठाँटीमा गण्डकी प्रदेश अन्तर वडा पुरुष भलिवल प्रतियोगिता हुने भएको छ।

कास्कीको माछापुच्छ्रे गाउँपालिका ८ स्थित युवा विकास तथा खेलकुद समन्वय समितिको आयोजनामा उक्त प्रतियोगिता माघ १८ देखि २१ गतेसम्म हुने भएको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो। उक्त प्रतियोगितामा गण्डकी प्रदेशका ८५ पालिकाका सबै ७ सय ५९ वडाहरुबाट सहभागिताको लागि पत्रचार गरिएको प्रतियोगिताका संयोजक पूर्ण गुरुङले बताए। प्रतियोगितामा कम्तिमा ५० टिमको सहभागिता हुने आफुहरुले अपेक्षा गरिएको उनले दाबी गरे। प्रतियोगितामा बिजेतालाई एक लाख ११ हजार १ सय ११, उपविजेताले ५५ हजार ५ सय ५५को साथमा शिल्ड, मेडल र प्रमाणपत्र




वितरण गरिने भएको अध्यक्ष गणेश घिमिरेले बताए। त्यसै गरी माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ८ अन्तर गाउँ/टोल स्तरीय महिला भलिबल प्रतियोगिता हुने भएको अध्यक्ष घिमिरेले जनाए। विजेतालाई २५ हजार र उपविजेतालाई १५ हजार साथमा शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरिने भएको छ। पत्रकार सम्मेलनमा वोल्दै माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ८ का अध्यक्ष राम गुरुङले खेल पर्यटन प्रबर्द्धन गर्न उक्त प्रतियोगिताले सहयोग गर्ने बताए। होम स्टे प्रबर्द्धन गर्न १३ प्रतिशत बिषेश छुटको व्यबस्था गरिएको उनले बताए। ल्वाङघलेलको विविध सांस्कृतिको पहिचान, मर्दी हिमालको पद मार्गको प्रबर्द्धन, चिया बगान, क्यानोनिङ, मर्दि खोलाको फिसिङ(असला) पर्यटन अर्गानीक कृषि उपजको प्रबर्द्धन गर्न प्रतियोगिताले टेवा पुग्ने भएको संयोजक गुरुङले बताए।

# विमान दुर्घटनाको पाँच सदस्यीय जाँच आयोग गठन

**रासस**
**काठमाडौं, १ माघ**

सरकारले पोखरामा आइतबार विहान भएको यती एयरलाइन्सको विमान दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन पाँच सदस्यीय जाँच आयोग गठन गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले दुर्घटनाको कारण पहिचान गर्न र आगामी दिनमा त्यस्ता दुर्घटनाहरु दोहोरिन नदिनका लागि अपनाउनुपर्ने सुझावसहितको प्रतिवेदन दिन आयोग गठन गरेको हो।

आयोगको संयोजकमा पूर्वसचिव नागेन्द्र घिमिरे रहनुभएको सरकार प्रवक्ता एवं उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले जानकारी दिनुभयो। आयोगका सदस्यमा हवाई विज्ञद्वय दीपकप्रकाश बास्तोला (अवकाशप्राप्त उपरथी) र सुनिल थापा (अवकाशप्राप्त क्याप्टेन) तथा हवाई मर्मत इञ्जिनियर एकराजजङ्ग थापा हुनुहुन्छ। आयोगको सदस्यसचिवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने हुनुहुन्छ। आयोगलाई ४५ दिनको समयावधि तोकिएको छ। आयोगले दुर्घटनाको कारण पहिचान गर्नुका साथै आगामी दिनमा त्यस्ता दुर्घटना हुन नदिनका लागि गर्नुपर्ने कार्यका लागि सुझावसहितको प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको छ। प्रतिवेदन प्राप्त भएलगत्तै सरकारले सुझाव कार्यान्वयनको व्यवस्था मिलाउने प्रवक्ता पौडेलले बताउनुभयो। गैरसैनिक हवाई उडान दुर्घटना जाँच नियमावली, २०७१ बमोजिम दुर्घटना जाँच आयोग गठन गरिएको हो।

# माछापुच्छ्रेको काभ्रे गाउँ शोकमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १ माघ**

काठमाडौंबाट पोखरा आउँदै गरेको यती एयरलाइन्सको विमान दुर्घटनाले कास्कीको माछापुच्छ्रे गाउँपालिका-२ को काभ्रे गाउँ शोकमा डुबेको छ।

पोखरामा आइतबार भएको विमान दुर्घटनामा विमानमा सवार काभ्रे गाउँका बेलमान गुरुङ र उहाँका धर्मपत्नी सीता गुरुङको निधनले गाउँ शोकमा डुबेको हो। बेलमान गत साउनमा मौसमी भिसामा बेलायत जानुभएको थियो। उहाँ यही पुस २९ गते घर आउन काठमाडौँ आउनेभएपछि श्रीमती सीता सोही दिन काठमाडौँ पुग्नुभएको थियो।

उहाँहरू दुवै जना यतीको विमानमार्फत पोखरा आउँदै गरेको र दुर्घटनामा परेको माछापुच्छे-२ का वडाध्यक्ष एवं गाउँपालिकाका प्रवक्ता गणेश आचार्यले बताउनुभयो। उहाँका अनुसार बेलमान दम्पतीले बिहान ११:०० बजेको यतीको अर्को जहाजको टिकट लिए पनि बोर्डिङ पास लिइसकेको र अघिल्लो जहाजमा सिट खाली रहेकाले सोही जहाज चढ्नुभएको थियो। वडाध्यक्ष आचार्यले दुर्घटनाको खबर लगत्तै गाउँ शोकमा डुबेको बताउनुभयो। उहाँले भन्नुभयो, 'बेलमान दम्पती गाउँमा सहयोगी हुनुहुन्थ्यो। उहाँहरू सवार विमान दुर्घटना भएको खबर गाउँमा फैलिएसँगै सबै शोकाकुल छन्।' बेलमान बेलायत जानुअघि गाउँमै रेष्टुरेण्ट सञ्चालन गर्नुहुन्थ्यो। उहाँ विदेशिएपछि सीताले रेष्टुरेन्ट सञ्चालन गर्दै आउनुभएको छ। बेलमानका बुबा इन्द्रबहादुर गुरुङ नेपाली कांग्रेस वडाका पूर्वसभापति हुनुहुन्छ। गाउँमा उहाँको समाजसेवीको पहिचान छ। विमान दुर्घटनामा परी माछापुच्छे गाउँपालिका-७ का शिवकुमार गुरुङको पनि निधन भएको बताइएको छ।

# रुपावासीले आफ्नौ गौरव सम्झन्छन् पाइलट केसीलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १ माघ**

पोखरामा भएको यती एयरलाइन्सको जहाज दुर्घटनामा परेका पाइलट कमल केसीको निधनले यतिखेर कास्कीको रुपा गाउँपालिका शोकमा डुबेको छ।

केसीको निधनले परिवारजन त साह्रै पीडामा छन् नै आफ्नो गौरव गुमाउनु पर्दा उहाँको जन्मस्थान पोल्याङवासी र गाउँपालिकावासी मर्माहत भएका छन्। केसीको रुपाको पोल्याङमा २०१९ सालमा जन्म भएको थियो।

कमललाई विद्यालयमा प्राथमिक शिक्षा प्रदान गर्नुभएका उहाँका गुरु अग्रज पत्रकारसमेत रहनुभएका बद्रीविनोद प्रतीक आफूलाई आजको दिनमा कमलको दुःखद निधन सुन्नुपर्दा मर्माहत बनाएको बताउनुभयो। कमलले हालको रुपा गाउँपालिका-१ को जटेश्वर माविमा कक्षा ५ सम्मको अध्ययन गर्नुभएको प्रतीकले बताउनुभयो। उहाँले भन्नुभयो, 'कमल कक्षामा जहिले पनि प्रथम हुन्थे। सानैदेखि मेहनती र अनुशासित थिए। आफूले प्राथमिक शिक्षा प्रदान गरेको एकजना शिष्य र देशकै कुशल पाइलट गुमाउँदा असाध्यै पीडा भएको छ।'

पाइलट बनेपछि समेत केसीसँग पटक पटक भेटघाट हुने गरेको प्रतीकले सुनाउनुभयो। 'भेट्दाखेरि जहिले पनि सम्मान र आदर गर्थे। सञ्चो बिसन्चो सोधपुछ गर्ने गर्दथ्यौँ। उनले चलाएको जहाज दुर्घटनामा परेको सुनेदेखि नै दिनभरि कसैसँग बोल्न पनि सकिनँ।'

उमेरले छ दशक पुगेका केसी अनुभवी पाइलटका रूपमा परिचित हुनुहुन्थ्यो। पछिल्लो समयमा सन् २०२३ को जनवरी १ देखि सञ्चालनमा आएको पोखराको नवनिर्मित अन्तर्राष्ट्रिय विमानस्थलमा परीक्षण उडान अन्तर्गतको पहिलो विमान अवतरण गराएका केसीसँगसँगै यात्रा गरेका पोखरेली पर्यटन व्यवसायी एवं सञ्चारकर्मी यतिखेर झलझली सम्झिएका छन्। केसी रुपा गाउँपालिकाबाट पहिलो पाइलट बन्नुभएको गाउँपालिकाका अध्यक्ष नवराज ओझाले जानकारी दिनुभयो। 'उहाँकै प्रेरणाबाट पछि रुपाबाट अरू पनि पाइलट बन्नुभएको छ', उहाँले भन्नुभयो, 'केसीको निधन हाम्रा लागि अपूरणीय क्षति हो।'

# सोमबार सार्वजनिक बिदा दिने सरकारको निर्णय

**पोखरापत्र संवाददाता**
**पोखरा, १ माघ**

सरकारले आइतबार पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनाको शोकमा सोमबार सार्वजनिक बिदा दिने निर्णय गरेको छ।

आइतबार बसेको मन्त्रिपरिषदको बैठकले माघ २ गते सोमबार सार्वजनिक बिदा दिने निर्णय गरेको सरकारका प्रवक्ता समेत रहनुभएका उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले जानकारी दिनुभयो। "आज बसेको मन्त्रिपरिषदको आकस्मिक बैठकले विमान दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गरेको छ, दिवङ्गप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ, निधन भएका व्यक्तिका परिवारप्रति गहिरो समवेदना व्यक्त गरेको छ", उहाँले भन्नुभयो, "शोकपूर्ण घटनाका सन्दर्भमा भोलि माघ २ गते शोक मनाउने र एक दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ।"

# विमान दुर्घटनामा परेका पर्वतका पाँच जनाको सनाखत

**पोखरापत्र संवाददाता**
**पोखरा, १ माघ**

पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनामा परी पर्वतका नौजनाको ज्यान गएको पुष्टि भए पनि पाँचजनाको सनाखत भएको छ।

ज्यान गुमाउनेमा पर्वतको कुश्मा नगरपालिका-१४ आर्थर डाँडाखर्कका त्रिभुवन पौडेल, कुश्मा नगरपालिका-९ कटुवाचौपारीका ४६ वर्षीय अरुण पौडेल र उनकी छोरी ११ वर्षीया प्रसिद्धि पौडेल रहेका छन्। त्यसैगरी कुश्मा नगरपालिका-१ पाङका १० महिने बालक रिहान पौडेल र रचना काफ्लेको सनाखत भएको छ भने पर्वतको विहादी गाउँपालिकाका चारजनाको सनाखत हुन सकेको छैन। उनीहरुको नामावलीसमेत पहिचान हुन सकेको छैन।

दुर्घटनामा ज्यान गुमाउनेमा पर्वतको कुश्माका बाबुछोरी नै छन्। दुर्घटनामा कुश्मा नगरपालिका-९ कटुवाचौपारीका ४६ वर्षीय अरुण पौडेल र उनकी छोरी ११ वर्षीया प्रसिद्धिको निधन भएको छ।

काठमाडौँको वृहस्पति विद्याश्रममा कक्षा ५ मा पढ्ने छोरी प्रसिद्धि जन्मघर पर्वत आउने क्रममा उहाँहरु दुर्घटनामा पर्नुभयो। 'छोरीको स्कुल बिदा पनि भएकाले दाजुभाइ भेटौँ भनेर जन्मघर आउन लाग्नुभएको रहेछ', अरुणका छिमेकी उपेन्द्र अधिकारीलेभन्नुभयो, 'उहाँहरूलाई लिन भाइ (अरुणका भाइ केशव) विमानस्थलमै पुग्नुभएको थियो।' केशवले नै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गएर अरुण र प्रसिद्धिको शवको पहिचान गर्नुभयो। मृतक पौडेल ९ वर्ष कोरियामा बसेर फर्किनुभएको थियो।

अधिकारीका अनुसार कोरियाबाट फर्केपछि पौडेल तीन छोरी र श्रीमतीसँग काठमाडौँमा बस्दै आउनुभएको थियो। कोरियाबाट फर्किएपछि समाज सेवामा लाग्नुभएका उहाँ गत मङ्सिर ४ गते भएको प्रतिनिधिसभा चुनावमा पर्वतबाट स्वतन्त्र उम्मेदवार बन्नुभएको थियो।

# महासंघले पत्रकार पौडेलको निधनको शोक १३ दिनसम्म मनाउने

**पोखरापत्र संवाददाता**
**पोखरा, १ माघ**

नेपाल पत्रकार महासंघले पत्रकार त्रिभुवन पौडेलको विमान दुर्घटनामा भएको निधनमा १३ दिनसम्म केन्द्र, प्रदेश र सबै शाखामा शोक मनाउने भएको छ।

महासंघका केन्द्रीय सदस्य पत्रकार पौडेलको निधनमा महासंघले माघ २ गते सोमबार महासंघका केन्द्र, प्रदेश र सबै शाखा कार्यालय बन्द गर्ने तथा १३ दिनसम्म शोकसभा बाहेकका कुनै पनि औपचारिक कार्यक्रम नगर्ने एवं भोलिदेखि नै १३ दिनसम्म केन्द्रीय कार्यालयलगायत प्रदेश र शाखा कार्यालयमा शोकपुस्तिका राख्ने निर्णय गरेको छ।

महासंघले आइतबार शोक विज्ञप्ति जारी गरी स्व पौडेलसहित विमान दुर्घटनामा निधन भएकाप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरेको छ। साथै, शोकको यस घडीमा शोकसन्तप्त सम्पूर्णको परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै गहिरो समवेदना व्यक्त गरेको छ।


महासंघका केन्द्रीय सदस्य पौडेलको ३७ वर्षको अल्पायुमै विमान दुर्घटनामा निधन भएको दुःखद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध र शोकमग्न भएको छ। आइतबार बिहान काठमाडौँबाट पोखराको लागि उडेको नाइनएन एएनसी एटिआर-७२ जहाज अवतरण गर्ने क्रममा पोखराको पुरानो विमानस्थल र नयाँ विमानस्थलको बीचमा दुर्घटनाग्रस्त हुँदा केन्द्रीय सदस्य पौडेलको निधन भएको हो। पत्रकार पौडेल २०७७ फागुन ५ गते भएको नेपाल पत्रकार महासंघको २६औँ महाधिवेशनबाट निर्वाचित भई केन्द्रीय सदस्य हुनुहुन्थ्यो।

विसं २०७४ मा महासंघको गण्डकी प्रदेश समितिको संस्थापक अध्यक्षका रूपमा रहेर काम गरेका पत्रकार पौडेलले त्यसअघि महासंघ कास्की शाखामा एकपटक उपाध्यक्ष र दुईपटक सचिवका रूपमा रही योगदान दिनुभएको थियो। पोखरा हटलाइन दैनिकबाट पत्रकारिता सुरु गर्नुभएका पौडेलले अन्नपूर्ण एफएम र केही समय नेपाल टेलिभिजनमा स्ट्रिन्जरका रूपमा काम गर्नुभएको थियो। विभिन्न पत्रपत्रिकामा स्तम्भ र लेख लेख्दै आउनुभएका पत्रकार पौडेल पछिल्लो समय पोखरा हटलाइन दैनिक पत्रिकाकै प्रकाशक/सम्पादकका रूपमा कार्यरत हुनुहुन्थ्यो।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जसलाई आशा कहिल्यै लाग्दैन, ऊ कहिल्यै निराश पनिहुँदैन । - बनार्ड शा

## सम्पादकीय

# असुरक्षित हवाई सेवा

हवाई सेवाको साढे ६ दशक लामो अवधिमा आइतबार पोखरामा भएको यति एयरलाइन्सको विमान दुर्घटनाले हवाई सुरक्षामाथि ठूलो प्रश्न उठेको छ । पोखरा विमान दुर्घटना नेपाली आकाशमा भएको १०४ औं हवाई दुर्घटना हो । व्यावसायिक आन्तरिक उडानमा यो ५० औं दुर्घटना हो । नेपालको आन्तरिक उडान इतिहासमै सबैभन्दा ठूलो दुर्घटना पनि हो । नेपाल नागरिक उड्यन प्राधिकरणका अनुसार आन्तरिक उडानमा यति धेरै मानवीय क्षति भएको यो पहिलो दुर्घटना हो । पोखरामा आइतबार भएको हवाई दुर्घटनामा परी हालसम्म ६८ जनाको ज्यान गइसकेको छ । काठमाडौंबाट यात्रु लिएर पोखराका लागि उडेको यति एयरलाइन्सको एटीआर-७२ विमान पोखरा अन्तर ष्ट्रिय विमानस्थलमा अवतरण गर्ने क्रममा सेती नदी नजिकको खोंचमा दुर्घटनाग्रस्त बनेको थियो । बिहान १०:५० बजे अन्तिम पटक विमानस्थल टावरसँग सम्पर्कमा रहेको विमानमा चालक दलका ४ र यात्रुहरू ६८ गरी ७२ जना सवार थिए ।

नेपाली आकाशमा भएका अन्तर्राष्ट्रिय उडानसहितको इतिहास हेर्ने हो भने पनि यो तेस्रो ठूलो दुर्घटना हो । व्यावसायिक आन्तरिक उडानतर्फ सन् १९६९ को जुलाई १२ मा हेटौंडामा भएको नेपाल एयरलाइन्सको विमान दुर्घटनामा ३५ जनाको ज्यान गएको थियो । आन्तरिक उडानतर्फ नेपाल एयरलाइन्सकै सन् २००० को डडेल्धुरा जोगबुढा दुर्घटना (२५ जनाको मृत्यु), तारा एयरको सन् २०१६ को म्याग्दी दुर्घटना (२३ जनाको मृत्यु), ताराकै सन् २०१० को ओखलढुंगा दुर्घटना (२२ जनाको मृत्यु) र गत वर्ष भएको मुस्ताङ दुर्घटना (२२ जनाको मृत्यु) सबैभन्दा ठूला हुन् । एकातिर व्यावसायिक आन्तरिक उडानमा चाप बढ्दो छ भने अर्कोतिर त्यसको चुस्त व्यवस्थापन हुन नसक्दा हवाई यातायात असुरक्षित भएको छ । पोखरा दुर्घटनामा व्यावसायिक आन्तरिक उडानतर्फ नेपालले अहिलेसम्मकै ठूलो मानवीय क्षति व्यहोरेको छ । व्यावसायिक आन्तरिक उडानमा भएका ५० दुर्घटनामध्ये २१ दुर्घटनामा कुनै पनि मानवीय क्षति भएको छैन । २९ दुर्घटनामध्ये पोखराबाहेक मात्रै ३ सय ६४ जनाले ज्यान गुमाएका छन् । अन्तर्राष्ट्रिय उडानतर्फ भने नेपाली आकाशमा सन् १९९२ मा एकै वर्ष दुई ठूला दुर्घटना भएका थिए । भट्टेडाँडामा भएको पाकिस्तान इन्टर नेसनल एयरको दुर्घटनामा १६७ र घ्याङफेदीमा भएको थाई एयरवेजको दुर्घटनामा ११३ जनाले ज्यान गुमाएका थिए । सन् २०१८ मा त्रिभुवन विमानस्थलमै भएको यूएस बंगलाको विमान दुर्घटनामा ५१ जनाको ज्यान गएको थियो ।

प्राधिकरणका अनुसार नेपालमा अहिलेसम्म एक इन्जिनयुक्त आठवटा दुर्घटना भएका छन् भने ३६ वटा हेलिकप्टर दुर्घटना भएका छन् । १० अन्तर्राष्ट्रिय वायु सेवाका उडान दुर्घटनामा परेका छन् । सन् १९९५ मा नेपालमा पहिलो पटक बाराको सिमरामा भारतको कलिंगा एयर दुर्घटना भएको थियो । सो दुर्घटनामा २ जनाको मृत्यु भएको थियो । यी दुर्घटनामा आइतबारको पोखरा दुर्घटनाबाहेक नै ८ सय ४९ को मृत्यु भइसकेको छ । जसमा आन्तरिकतर्फ ३ सय ६४, सिंगल इन्जिन भएका विमान दुर्घटनामा २५, हेलिकप्टरतर्फ ८५ र विदेशी वायुसेवातर्फ ३ सय ७५ गरी गरी जम्मा ८ सय ४९ को मृत्यु भएको अभिलेख छ । आइतबार भएको दुर्घटना भएको विमानमा चालक दलका ४ र ६८ गरी ७२ जना सवार थिए । यती एयरलाइन्सका अनुसार विमानमा सवारमध्ये ३७ जना पुरुष, २५ जना महिला, ३ जना बच्चा र ३ जना शिशु थिए भने उनीहरूमध्ये ५३ नेपाली नागरिक थिए भने ५ भारतीय, ४ रसियन, २ कोरियन, १ अर्जेन्टिनी, १ अस्ट्रेलियन, १ आइरिस र १ फ्रान्सेली गरी १५ जना विदेशी नागरिक थिए । यो दुर्घटनाको अन्तर्राष्ट्रिय संचार माध्यमले दिएको समाचारले नेपालको हवाई सुरक्षामा गम्भीरतापूर्वक लिन बाध्य बनाएको छ । सरकारले आकस्मिक मन्त्रिपरिषद्को बैठक बसेर सोमबार शोक विदा दिने निर्णय गर्नुका साथै पूर्वसचिव नागेन्द्र घिमिरे नेतृत्वको छानविन आयोग पनि बनाएको छ । पाँच सदस्यीय आयोगलाई दुर्घटनाको कारण पत्ता लगाउनुका साथै भोलिका दिन अपनाउनुपर्ने सावधानीबारे सुझाव दिन कार्यादेश दिएको छ । पटक हुने यस्ता घटनाले नेपाली आकाशमाथि सर्वसधारणको मात्रै होइन, अन्तर्राष्ट्रिय समुदायको नेपालको हवाई सेवाको सुरक्षामाथि विश्वास घटाइरहेको छ । नेपालको आन्तरिक हवाई उड्यन इतिहासकै सबै भन्दा ठूलो मानवीय क्षति निम्तएको आइतबारको दुर्घटनाले भने नेपाली आकाशलाई सुरक्षित गर्न सरकारको स्पष्ट योजना मागेको विज्ञहरु बताउँछन ।

नेपाल हरेक पटक हुने जहाज दुर्घटनापिच्छे जाँच गर्न 'दुर्घटना जाँचबुझ आयोग' गठन हुन्छन् । आयोगले दुर्घटना हुनुका कारणसहित यस्ता दुर्घटना हुन नदिन कसले के गर्ने ? के नगर्ने ? भन्नेसम्मका सुझाव संगालेर प्रतिवेदन दिन्छ । तर यस्ता प्रतिवेदनको सुझाव न सरकारले पढ्छ, न कार्यान्वयनका लागि तत्परता देखाउँछ यस्ता छानविन प्रतिवेदन कर्मकाण्डी मात्र हुन् । 'तत्कालीन आक्रोश मत्थर पार्न आयोग गठन हुन्छ, तर कार्यान्वयन गर्ने समयमा स्थिति शान्त भइसकेको हुन्छ,, 'कर्मकाण्डी शोक वक्तव्य र छानविनको मारमा नेपाली हवाई सेवाका उपभोक्ता परेका छन् । यो नेतृत्व सचेत र जिम्मेवार नहुँदाको परिणाम हो। यसबाट पाठ सिकेर सुरक्षाको उपाय खोज्ने र गुमेको शाख उठाउने काम गर्नु जरुरी छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्पर्कनुहोस् ।

# गाउँपालिकाद्वारा छात्रवृत्ति प्रदान

पोखरापत्र संवाददाता
तनहुँ, १ माघ

तनहुँ का आँबुखैरेनी गाउँपालिकाले गरिब तथा जेहेन्दारलाई रु छ लाख ५० हजार छात्रवृत्ति रकम वितरण गरेको छ । आँबुखैरेनी गाउँपालिका क्षेत्रभित्रका स्थायी ठेगाना भएका गरिब तथा जेहेन्दार विद्यार्थीलाई अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यसहित गाउँपालिकाले २२ जनालाई छात्रवृत्तिस्वरुप रु छ लाख ५० हजार वितरण गरेको हो ।

गाउँपालिका छात्रवृत्ति वितरण कार्यविधि, २०७९ अनुसार गत मङ्सिर २९ गते प्रकाशित सूचनाबमोजिम निवेदन पेस गरेका विद्यार्थीलाई छात्रवृत्ति वितरण समितिको सिफारिस तथा गाउँ कार्यपालिकाको निर्णयबमोजिम छात्रवृत्ति रकम वितरण गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । "विभिन्न तहमा अध्ययनरत विद्यार्थीको पढाइमा सहयोग पुगोस् भन्ने उद्देश्यसहित छात्रवृत्ति रकम वितरण गरेका हौं, यसले गर्दा उहाँहरूको पढाइलाई टेवा पुग्ने विश्वास लिएका छौं", चुमानले भन्नुभयो ।

छात्रवृत्ति प्राप्त गर्नेमा उच्च माध्यमिक तहदेखि विद्यावारिधि तहसम्म अध्ययनरत विद्यार्थी छन् । छात्रवृत्ति पाउनेमा आँबुखैरेनी गाउँपालिका-३ का अमर ठकुरीले युनिभर्सिटी अफ साउथ डाकोटाबाट विद्यावारिधि गर्दै हुनुहुन्छ । गाउँपालिकालाई उहाँलाई रु एक लाख छात्रवृत्ति रकम वितरण गरेको छ ।

आँबुखैरेनीस्थित मित्रता माविमा कृषिमा स्नातक अध्ययनरत सरन विकलाई रु ५० हजार, गण्डकी आवासीय माध्यमिक विद्यालयमा उच्च शिक्षा अध्ययनरत वृक्षा बयलकोटीलाई रु ३० हजार, गोल्डेन गेट इन्जीनियरिङ कलेजमा अध्ययनरत सुलभ श्रेष्ठलाई रु ५० हजार, अरोमा माध्यमिक विद्यालयमा अध्ययनरत आस्था थापालाई रु ३० हजार, राम शाह माविमा अध्ययनरत विमल गुरुङलाई रु १५ हजार, बिबिए अध्ययनरत श्रेया गौलीलाई रु ५० हजार, राम शाह माविमा अध्ययनरत रचना प्रगतिलाई रु ३० हजार, राम शाह माविमा अध्ययनरत अनिष रसाइलीलाई रु ३० हजार छात्रवृत्ति रकम वितरण गरिएको हो ।

राम शाह माविमा अध्ययनरत सिर्जना थापालाई रु १५ हजार, सङ्गम मगरलाई रु १५ हजार, मिरिन आलेमगरलाई रु १५ हजार, मित्रता माविमा अध्ययनरत सुनिता नेपालीलाई रु १५ हजार, राम शाह माविमा अध्ययनरत विमला गुरुङलाई रु १५ हजार, शुक्रराज गुरुङलाई रु १५ हजार, आँबुखैरेनी क्याम्पसमा अध्ययनरत खिलमाया खवासलाई रु २० हजार, पूर्णिमा खवासलाई रु २० हजार, जनप्रिय माविमा अध्ययनरत दिक्षा दुवाडीलाई रु १५ हजार, मित्रता माविमा अध्ययनरत रक्षा खनाललाई रु ५० हजार, सलिना विकलाई रु ५० हजार र पूजा नेपालीलाई रु १५ हजार वितरण गरिएको छ ।

# 'प्रसाद २' को प्रदर्शन मिति तय

रासस
काठमाडौं, १ माघ

कास्कीको माछापुच्छ्रे गाउँपालिकामा छायाङ्कन भइरहेको फिल्म 'प्रसाद २' को छायाङ्कन सकिएको छ ।

एक महिना एक दिनमा फिल्मको सम्पूर्ण छायाङ्कन सकाएपछि युनिट काठमाडौ फर्कँदै छ । कलाकार परिवर्तनसँगै विविध कारणले रोकिएको फिल्मले छायाङ्कन सम्पन्न गरेसँगै आगामी नयाँ वर्ष अर्थात् वैशाख १ गतेलाई प्रदर्शनसमेत तय गरेको छ ।

फिल्म छिट्टै तयार हुने भएकाले प्रदर्शन मिति घोषणा गरिएको निर्माता सुभास थापाले जानकारी दिनुभयो । "प्रारम्भिक सम्पादन र ध्वनिको काम छायाङ्कनमै भएको छ । हाम्रो फिल्म पूर्णरूपमा तयार हुने भएकाले प्रदर्शन घोषणा गरेका हौं", निर्माता थापाले भन्नुभयो । एसजी फिल्मस् र सुलभ थापा प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा सुदर्शन बस्नेतसमेत निर्माता हुनुहुन्छ ।

सुदर्शन थापाको निर्देशन रहेको फिल्ममा विपिन कार्की, केकी अधिकारी, अर्पण थापा, महेश त्रिपाठी, कमलमणि नेपाल, प्रकाश घिमिरे, विशाल पहाडी, निमा पाण्डेलगायतको अभिनय रहेको छ । "मेरो लागि यो फरक किसिमको फिल्म रह्यो । मै ले कथालाई न्याय गरेको छु", निर्देशक थापाले भन्नुभयो । यो फिल्म 'प्रसाद' को दोस्रो भाग हो । यसमा राजेश श्रेष्ठको छायाङ्कन, राजनराज सिवाकोटीको सङ्गीत, उत्तम न्यौपानेको ध्वनि मुद्रण, पत्रकार सुशील पौडेलको लेखन रहेको छ । फिल्मको प्रोडक्सन कोर्डिनेटरको काम मनोज केसीले गर्नुभएको हो ।

# कार्कीनेटाको सहकार्यमा फलेवासमा स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, १ माघ

आविश्कार अस्पताल बुद्धचोक पोखराको आयोजना तथा शिशु मेडिकल कार्कीनेटाको सहकार्यमा फलेवास नगरपलिका कार्कीनेटाको अन्नपुर्ण माविमा स्वास्थ्य शिविर हालै सम्पन्न भयो । आविश्कार अस्पतालका वरिष्ठ हाडजोर्नी विशेषज्ञ आकेश प्रजापति, नाक कान तथा घाँटी रोग विशेषज्ञ डा. सञ्जय कोइराला, बालरोग विशेषज्ञ सह प्राडा यज्ञराज सिग्देल, छाला तथा योन रोग विशेषज्ञ डा.रमेश शर्मा पेट छाती तथा मुटुरोग विशेषज्ञ डा. लेखनाथ सम्साल, प्रसुति विशेषज्ञ डा. विष्णु पालिखे, रेडियोलिजी विशेषज्ञ डा सुस्मित काफ्ले, मेडिकल अफिसर डा सकजय आचार्य लगायतको समुहले विरामीहरुलाइ जाँच र परामर्श दिएका थिए ।

फलेवास १ का वडाअध्यक्ष चोलाकान्त पाध्याले टोलीलाइ स्वागत गरेका थिए । अस्पतालले सामाजिक उत्तरदायित्व वहन गर्दै पोखरा र आसपासका यस्तै विकट गाउँमा विशेषज्ञ सेवा सहितका शिविर आगामी दिनमा पनि सञ्चालन गर्ने अस्पतालका मेडिकल डाइरेक्टर डा. सञ्जय कोइरालाले भने । शिविरमा शिशु मेडिकल कार्कीनेटाका संचालक द्धय सुभाष शर्मा र सिमा वरालको गहन भुमिका रहेको पाइयो ।

# तीन करोडको लगानीमा कालिज फार्म

पोखरापत्र संवाददाता
तनहुँ, १ माघ

जिल्लाको म्याग्दे गाउँपालिका-७ वरभञ्याङ खर्कका इन्द्रप्रसाद तिवारीले व्यावसायिक कालिज फार्म सञ्चालन गर्नुभएको छ । करिब २२ रोपनी क्षेत्रफलमा उहाँले गण्डकी कृषि फार्म दर्ता गरी दुई हजार पाँच सय कालिज पाल्नुभएको हो ।

करिब डेढ वर्ष अघिदेखि गाउँमा नै कृषि र उत्पादनमा लागौँ भनेर रु तीन करोडको लगानीमा कालिज पाल्न सुरु गरेको बताउनुभयो । केही समयपछि तरकारी खेतीलाई पनि सँगसँगै लैजाने उहाँको सोच रहेको छ । कालिजको अण्डालाई ह्याचरी गरी फार्ममै कालिज उत्पादन गर्ने गरिएको उहाँले जानकारी दिनुभयो । हरेक कालिजले अण्डा दिनका लागि कम्तीमा छ महिना लाग्छ, उहाँले भन्नुभयो, "उत्पादन भएको अण्डा यही खपत हुने गरेको छ ।"

कालिजलाई दाना र स्थानीय घाँस खुवाउने गरिएको छ । यसले गर्दा कालिज अर्ग्यानिक र स्वादिलो हुनुका साथै लागतमा कमी गर्न सकिन्छ । प्रतिभाले कालिज रु दुई हजार पाँच सय र पोथी रु एक हजार आठ सयमा बिक्री गर्दै आएको उहाँले बताउनुभयो । अण्डाको प्रतिक्रेट रु नौ सयमा बिक्री हुन्छ । उहाँले भन्नुभयो, "फार्ममा दैनिक एक हजार पाँच सयसम्म अण्डा उत्पादन हुँदै आएको छ ।"

अण्डा र कालिज खरिदका लागि फार्ममा नै ग्राहक आउने गरेका छन् । ठूलो लक्ष्यका साथ काम गरिएको हुँदा अझ बढी लगानी गर्ने योजना रहेको कृषक तिवारीले बताउनुभयो ।

सम्बन्धित निकायले व्यावसायिकरूपमा कृषि र व्यावसायिक फार्मका लागि सरकारले उचित अनुदान र व्यवस्थापन गर्नुपर्ने कृषक तिवारीको सुझाव रहेको छ । कृषकलाई उत्पादनमा जोड्न र समस्या समाधानका लागि पालिकाले जोड दिँदै आएको गाउँपालिका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो ।

# म्याग्दीमा नयाँ प्रविधिको बीउ आलु भित्र्याइयो

पोखरापत्र संवाददाता
म्याग्दी, १ माघ

जलजला गाउँपालिकाले नयाँ प्रविधिको बीउ आलु भित्र्याएको छ । राष्ट्रिय आलुबाली अनुसन्धान केन्द्रसँग समन्वय गरेर प्रगतिशील ताजा तरकारी तथा बीउ उत्पादक कृषक समूहमार्फत वडा नं ६ को लाम्पाटा बराहटोलमा सामूहिक पूर्व मूलबीउ रोपिएको हो ।

जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले आलुको गुणस्तरीय बीउ उत्पादन, उत्पादन क्षमता कम भएको पुरानो बीउ विस्थापित र बीउ आलुमा आत्मनिर्भर बनाउन पिविएम (पूर्व बीउ आलु) कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो ।

"जलजलाको धेरै भूगोलमा आलुखेती भए पनि वर्षौँदेखि एउटै बीउको प्रयोग हुँदा उत्पादन, गुणस्तर र रोगकीराको समस्या देखियो", उहाँले भन्नुभयो "गुणस्तरीय बीउ उत्पादन गरेर आलु उत्पादन र गुणस्तर सुधार गर्ने उद्देश्यले राष्ट्रिय कृषि अनुसन्धान परिषद् (नार्क)ले सिफारिस गरेको रोग प्रतिरोधात्मक क्षमताको पूर्व मूलबीउ भित्र्याइएको छ ।"

गाउँपालिकाका कृषि अधिकृत राजुप्रसाद गौतमले नौ रोपनी क्षेत्रफलमा खुमल सेतो १, खुमल उज्वल, जनकदेव, खुमल रातो र कार्डनल जातको आलुको ५३ हजार दुई सय दाना रोपिएको जानकारी दिनुभयो । अहिले लगाएको बीउ पाँच पुस्तापछि खायन (खानका लागि बीउ रोप्न) योग्य हुन्छ । हाल यहाँका कृषकले करिब ५० वर्ष पुरानो बीउ प्रयोग गर्दै आएका थिए । बीउ आलुमा आत्मनिर्भर कार्यक्रमका लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा रु १० लाख विनियोजन गरेको छ । चिहानकाटे, लाम्पाटा र रात्माटामा ८८ बोरा दोस्रो पुस्ताको बीउ आलु रोपिएको छ । दोस्रो पुस्ताको बीउ आलु कृषकलाई ५० प्रतिशत अनुदानमा वितरण गरिएको हो । कृषकहरूलाई लगाउने ज्याला उपलब्ध गराउने र प्रतिकिलो रु २५ देखि ३० का दरले खरिद गर्ने सम्झौता भएको छ ।

अहिले लगाएको पुर्व विउ आलु उत्पादन भएपछि कृषकहरुबाट गाउँपालिकाले खरिद गरेर चिस्यानगृहमा राख्ने र पहिलो पुस्ताको विउ उत्पादन गर्न कृषकहरुलाई उपलब्ध गराउने जनाएको छ । पुर्व विउ आलु रोप्न शनिबार गाउँपालिकाका अध्यक्ष आचार्य, कार्यपालिकाको कृषि संयोजक हरिविकास जिसीले कृषकहरुसँगै श्रमदान गर्नुभएको थियो । राष्ट्रिय आलु विकास कार्यक्रमका प्राविधिक रमेश खतिवडाले भाइरस र रोगमुक्त पुर्व विउ आलु रोपिएको बताउनुभयो । "पुर्व विउ आलु पाँच सय दाना बराबर ७५ केजी उत्पादन हुन्छ," उहाँले भन्नुभयो "कृषकले बजारबाट खरिद गरेको विउको गुणस्तर राम्रो नहुँदा रोग भित्रिएको, उत्पादन र गुणस्तर घटेको हो ।"

आलु विउ उत्पादनमा चासो देखाउने देशका सिमित स्थानिय तह मध्यमा जलजला रहेको प्राविधक खतिवडाले बताउनुभयो । प्रगतिशिल कृषक समूहका अध्यक्ष बाबुराम रेग्मीले धेरै वर्षदेखि एउटै विउ लगाउँदा उत्पादन र गुणस्तर घटेपछि आफै विउ उत्पादन गर्न गाउँपालिकासँग साझेदारी गरिएको बताउनुभयो ।

उत्पादन भएको सबै बीउ गाउँपालिकाले खरिद गरिदिने सम्झौता भएकाले बीउ आलुलाई बजारको समस्या नहुने भएकाले उत्साही भएको प्रेमप्रसाद भुसालले बताउनुभयो ।

२४ वर्षदेखि आलुखेती गर्दै आएका नारायणदत्त सापकोटाले धेरै वर्षपछि आलुको बीउ परिवर्तन गर्न लागिएको बताउनुभयो । लुम्ले कृषि अनुसन्धान केन्द्रले धेरै वर्षअघि शालिजामा बीउ आलु भित्र्याएको थियो । वल्लोपल्लो गाउँका कृषकले साटेर सोही समयको बीउ र बजारबाट खरिद लगेर रोप्ने गरेका छन् ।

# हवाई दुर्घटनासँगै रोकिएको पोखरा महोत्सव सोमबारदेखि सञ्चालन हुने

पोखरापत्र संवाददाता
पोखरा, १ माघ

पोखरा महोत्सवमा माघ दुई गतेका पूर्व निर्धारित कार्यक्रमहरु निरन्तर हुने भएको छ ।

पोखरा महोत्सवको पाँचौ दिन पोखरामा जहाज दुर्घटनाका कारण शोक मनाउदै महोत्सवका सम्पूर्ण गतिविधिहरु स्थगित गरिएपनि छैठौ दिन सोमबार भने पूर्वनिर्धारित तालिका अनुसार नै पोखरा महोत्सव सञ्चालन हुने महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए ।

सुनारले भने पोखरामा हवाइजहाज दुर्घटना भएको जानकारी पाउना साथ महोत्सवलाई स्थगित गरेकोमा हामीले दर्शक प्रति क्षमा प्रार्थी छौ । महोत्सवलाई साथ दिने दर्शकहरुप्रति पुन गएको असुविधा प्रति क्षमा प्रार्थी रहेको आयोजकले जनाएको छ । महत्वपूर्ण पर्व माघीको दिन दर्शकहरुको उल्लेख्य सहभागिता रहदा रहदैपनि पोखरामा हवाइ दुर्घटना भएको र त्यसको खोजतलासमा सम्पूर्ण महानगर लागि परिरहदा आयोजकले दर्शकहरुको उल्लेख्य सहभागिता बीच पनि महोत्सवलाई स्थगित गर्न पर्दा दर्शकहरुप्रति पर्न गएको असुविधा प्रति आयोजक त्सब्ध बनेको क्लवका अध्यक्ष राजु श्रेष्ठले जानकारी दिनुभयो । हवाइ जहाज दुर्घटनामा परेका सम्पूर्ण दिवंगत प्रति श्रद्धा सुमन गर्दै महोत्सवलाई सोमबार देखी निरन्तरता दिइने भएको छ । महोत्सवको छैठौ दिन देखी विद्यालय स्तरिय लोकनृत्य प्रतियोगिता हुने आयोजकले जनाएको छ ।

प्रतियोगिता अन्तर्गत सोमबार ज्ञान गंगा विद्यापीठ, श्री जनबल सेकेण्डरी स्कुल, न्यू ग्यालेक्सी सेकेण्डरी स्कुल र भ्यु प्वाइन्ट बोर्डिङ स्कुल बीच प्रतिस्पर्धा हुनेछ । त्यसैगरी महोत्सवको स्टेजमा सोमबार नेवारी संस्कृति झल्कने कुमारी नृत्यको प्रस्तुति रहने छ ।

महोत्सवको छैठौ दिन महोत्सवमा लोकदोहोरी तर्फ पशुपति शर्मा, जीवन दाहाल, शिवहरी ढुंगाना, गगन गुरुङ, प्रशान्त तामाङ, शान्ति डोटेल, नविना सुवेदी, नारायण सुनार, तुलसा जिसी, सन्तोष सुवेदी लगायको प्रस्तुती रहनेछभने साझको लाइभ कन्सर्टतर्फ छेवाङ लामाको प्रस्तुती रहने आयोजकले जनाएको छ ।

**रक्तदान जीवनदान**

# हवाई दुर्घटना : छानबिन समितिका प्रतिवेदन कार्यान्वयन भएनन्

-रमेश लम्साल/ सिबी अधिकारी

काठमाडौं, १ माघ (रासस)

सरकारले हवाई दुर्घटना कम गर्न अनेकन प्रयास गरेपनि अपेक्षित प्रगति हुन सकेको छैन । पटक-पटक छानबिन समिति गठन गरेर प्रतिवेदन दिइए पनि दुर्घटनामा न्यूनीकरण हुनुको साटो दुर्घटनाको सङ्ख्या भने बढ्दो छ ।

मानवीय क्षतिको हिसाबले आज पोखरामा यती एयरलाइन्सको विमान दुर्घटना आन्तरिक उडानतर्फको सबै भन्दा ठूलो हो । काठमाडौंबाट पोखराका लागि उडेको एनवाइटी- ६९१, नाइन एन-एएनसी जहाज दुर्घटना हुँदा ठूलो जनधनको क्षति भएको छ । हालै सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा परीक्षण उडान गरेकै जहाज दुर्घटनामा परेको हो । तुलनात्मक रुपमा सुरक्षित मानिएको एटिआर सिरिजका जहाज दुर्घटना पर्नु आफैमा दुर्भाग्य भएको वायुसेवा सञ्चालक सङ्घका प्रतिनिधि एवं आधिकारिक व्यवस्थापक घनश्यामराज आचार्यको भनाइ छ ।

उहाँले नेपालमा साना विमान बढी मात्रामा दुर्घटनामा पर्ने गरेका थिए । एटिआर नै दुर्घटनामा परेको पहिलो पटक हो । नेपालको भौगोलिक बनावट, विमानस्थलको क्षमता तथा यात्रु सङ्ख्यालाई ध्यान दिएर एटिआर सिरिजका विमान ल्याइएको बताउने गरिएको छ । आचार्यका अनुसार एटिआर सिरिजका विमानले इञ्जिनमा कुनै प्राविधिक समस्या देखिए जानकारी दिन्छ ।

हवाई दुर्घटनापछि गठन गरिने छानबिन समितिले दिएका प्रतिवेदन कार्यान्वयन हुन नसक्दा समस्या दोहोरिने गरेको विज्ञहरुको भनाइ छ । सरकारले हवाई दुर्घटनालगत्तै अनुसन्धानका लागि पटक-पटक उच्चस्तरीय छानबिन समिति बनाउने, प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि सिफारिस गर्ने गरेको छ । तर प्रतिवेदन कार्यान्वयन गर्नेतर्फ ध्यान दिन नसक्दा समस्या दोहोरिने गरेको छ । आन्तरिक उडानतर्फ आज बिहान पोखरामा भएको यति एयरलाइन्सको दुर्घटना पनि आफैमा ठूलो हो ।

सरकारले पोखरामा आज बिहान भएको यती एयरलाइन्सको विमान दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन पाँच सदस्यीय जाँच आयोग गठन गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बसेकोमन्त्रिपरिषद्‌को आकस्मिक बैठकले दुर्घटनाको कारण पहिचान गर्न र आगामी दिनमा त्यस्ता दुर्घटना दोहोरिन नदिनका लागि अपनाउनुपर्ने सुझावसहितको प्रतिवेदन दिन आयोग गठन गरेको हो । आयोगको संयोजकमा पूर्वसचिव नागेन्द्र घिमिरे हुनुहुन्छ । आयोगका सदस्यमा हवाई विज्ञद्वय दीपकप्रकाश बाँस्तोला (अवकाशप्राप्त उपरथी) र सुनिल थापा (अवकाशप्राप्त क्याप्टेन) तथा हवाई मर्मत इन्जिनीयर एकराजजङ थापा हुनुहुन्छ । आयोगको सदस्यसचिवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने हुनुहुन्छ । आयोगलाई ४५ दिनको समयावधि तोकिएको छ । आयोगले दुर्घटनाको कारण पहिचान गर्नुका साथै आगामी दिनमा त्यस्ता दुर्घटना हुन नदिनका लागि गर्नुपर्ने कार्यका लागि सुझावसहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको छ । सरकारले गैरसैनिक हवाई उडान दुर्घटना जाँच नियमावली, २०७१ बमोजिम दुर्घटना जाँच आयोग गठन गरिएको हो ।

समितिले ४५ दिनभित्र प्रतिवेदन तयार पार्ने कायदिश दिइएको उपप्रधान एवम् अर्थमन्त्री विष्णु पौडेलले जानकारी दिनुभयो । कतिपय हवाई दुर्घटना मानवीय र प्राविधिक कारणले हुने गरेको छ । त्यसमा विमानको प्राविधिक पक्षले पनि काम गर्दछ । तर, हवाई सुरक्षाको विषयलाई प्रत्येक मुलुकले उच्च प्राथमिकतामा राख्ने गरेका छन् । अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ)ले पनि हवाई सुरक्षाका विषयमा विशेष ध्यान दिँदै दुर्घटनाको जोखिम कम गर्न सहजीकरण गर्न गर्दै आएको छ । समस्या न्यून हुनुको साटो बरु बढ्दै गएको छ । समस्या लगातार बढ्दै गएका कारण कुनै न कुनै रुपमा समाधानको दीर्घकालीन प्रयत्न जरुरी रहेको आवश्यकतासमेत महसुस भएको छ । यति एयरलाइन्सकाको विमान दुर्घटनापछि हवाई सुरक्षाका विषयमा चासो र चिन्ता बढेको छ । विभिन्न खालका आशङ्का र अनुमान पनि आएका छन् । तर सरकारले उच्चस्तरीय आयोग गठन गरिसकेको सन्दर्भमा आयोगको प्रतिवेदन नआई यसै भन्न नसकिने विज्ञ तथा जानकारको भनाइ छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्व महानिर्देशक त्रिरत्न मानन्धरका अनुसार आजको दुर्घटना नेपालको हवाई उड्डयन क्षेत्रकै दुर्भाग्य हो । उहाँले दुर्घटनाको कारणको खोजी गरी त्यसलाई कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । "यो आफैमा ठूलो र दुर्भाग्यपूर्ण घटना हो । तथ्य र कारण खोजी गरेर समाधानको उपाय खोजी गर्नुपर्छ", मानन्धरले भन्नुभयो । हाम्रो आकाशको अवस्था, विमानको प्राविधिक अवस्था तथा एयर ट्राफिक कन्ट्रोलमा खटिने कर्मचारीको अवस्थाका बारेमासमेत अध्ययन गर्नुपर्ने सुझाव दिइएको थियो ।

नेपालमा पहिलो अन्तर्राष्ट्रिय हवाई दुर्घटना बाराको सिमरामा भएको थियो । सन् १९५५ मा कालिगा एयरको विमान दुर्घटना हुँदा दुई जनाले ज्यान गुमाएका थिए । यस्तै, सन १९५६ र १९५८ भारतीय एयरलाइन्सका दुई विमान दुर्घटना भएका थिए । ती दुर्घटनामा ३४ यात्रुको ज्यान गएको थियो । यस्तै, १९९२ मा थाई एयरको विमान दुर्घटना हुँदा एक सय १३ जनाको ज्यान गएको थियो । सन् १९९२ मै पाकिस्तान एयरलाइन्सको विमान दुर्घटनामा पऱ्यो र एक सय ५७ जनाले ज्यान गुमाएका थिए । सन् १९९० मा लुफ्थान्सा एयरको विमान दुर्घटनामा पऱ्यो र पाँच जनाले ज्यान गुमाएका थिए । सन् २०१४ मा अवतरणको क्रममा टर्किस एयरको विमान दुर्घटनामा मानवीय क्षति भने भएन । पटक-पटक दोहारिएका यस्ता हवाई दुर्घटनाको खास कारण खोजेर आगामी दिनमा समस्या आउन नदिन सम्बद्ध पक्षले विशेष ध्यान दिनु आवश्यक छ ।

सन् २०१९ को अप्रिलमा सोलुखुम्बुको लुक्ला विमानस्थलमा समिट एअरको एउटा विमान धावनमार्गको छेउमा रहेका दुईवटा हेलिकोप्टरमा गएर ठोकिँदा कम्तीमा तीन जनाको मृत्यु भएको थियो । यस्तै, सन् २०१९ को फेब्रुअरीमा एयर डाइनेस्टीको हेलिकप्टर ताप्लेजुङमा पाथीभरा नजिकै दुर्घटनामा पर्दा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारी सहित सात जनाको मृत्यु भएको थियो ।

सन् २०१८ को सेप्टेम्बरमा गोर्खाबाट काठमाडौं आउँदै गरेको अल्टिट्यूड एयरको हेलिकप्टर धादिङ र नुवाकोटबीच रहेको एउटा जङ्गलमा दुर्घटनाग्रस्त हुँदा एक जापानी पर्यटक र अन्य पाँच जनाको मृत्यु भएको थियो । मार्च २०१८ मा बङ्गलादेशबाट नेपाल आएको यूएस बाङ्गला एयरलाइन्सको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटनाग्रस्त, ५१ जनाको मृत्यु भएको थियो । यस्तै गत जेठ १३ गते यतिकै भगिनी संस्था तारा एयरको ट्वीनअटर जहाज मुस्ताङमा दुर्घटनामा परी २२ जनाको ज्यान गएको थियो ।

हालै मात्र सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिक भएको दुर्घटना आफैमा ठूलो मानवीय क्षतिसहितको दुर्घटना भएकाले अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण हुनु स्वाभाविक नै हो । नेपालको हवाई दुर्घटनाको इतिहासलाई हेर्ने हो भने हालसम्म छ दर्जन विमान दुर्घटनामा परेका छन् । सन १९९१ जुन ९ मा नेपाल वायुसेवा निगमको जहाज दुर्घटनामा परेको थियो ।

काठमाडौंबाट लुक्लाका लागि उडानमा रहेको सो विमान दुर्घटनामा पर्दा चालक दलका तीन सदस्यसहित १४ जनाको निधन भएको थियो । नेपालमा पहिलो हवाई दुर्घटना १९७३ अक्टोबर ६ मा भएको थियो । सोही आधारमा हेर्ने हो भने हालसम्म नेपालमा १०८औं हवाई दुर्घटना हो । यति एयरलाइन्सको हकमा भने यो चौथो दुर्घटना हो ।



सांस्कृतिक पहिरनमा सजिएका मगर युवतीहरु

तनहुँको ऋषिङ गाउँपालिकाको एक कार्यक्रममा सांस्कृतिक पहिरनमा सजिएका मगर युवतीहरु । तस्बिर : पूर्ण विके, रासस

# नारायणी नदीमा क्रुजसिप चलाइने

रासस

चितवन, १ माघ

नारायणी नदीमा आइतबारदेखि 'क्रुजसिप' सञ्चालनमा आउने भएको छ । राइनो वाटर इन्टरटेन्मेन्ट कम्पनीले क्रुजसिप सञ्चालनमा आउने जनाएको हो ।

दुई वर्ष पहिले नै क्रुजसिपको परीक्षण गरिएको थियो । कोभिड महामारी र केही नीतिगत व्यवधानका कारण क्रुजसिप सञ्चालनमा ल्याउन कठिन भएको कम्पनीले जनाएको छ ।




कम्पनीका कार्यकारी निर्देशक दीपक ढुङ्गेलका अनुसार सबै प्रक्रिया पूरा गरेर क्रुजसिप सञ्चालन गर्न लागिएको जानकारी दिनुभयो । उहाँका अनुसार आइतबार दिउँसो १ बजे विशेष क्रुजिङको समय हुनेछ । तीन तलाको क्रुजसिपमा कुल एक सय ८० जना सवार गर्न सकनेछन् । क्रुजसिपमा यात्रा गर्ने यात्रुहरुको रू १० लाख बराबरको बीमा गरिएको छ । क्रुजसिपमा सवार हुनका लागि टिकट रू सात सय, ब्रेकफास्ट क्रुजिङको रू एक हजार पाँच सय, लञ्च क्रुजिङ रू दुई हजार र डिनर क्रुजिङ दुई हजार पाँच सय तेकिएको ढुङ्गेलले जानकारी दिनुभयो ।

भरतपुर महानगरपालिका वडा नम्बर १६ ज्ञानेश्वर सामुदायिक वन स्थित काभ्रेघाटमा क्रुजसिपको स्टेसन छ । एक पटकमा यात्रुले करिब एक घण्टा नारायणी नदीमा क्रुजको मज्जा लिन पाउनेछन् । क्रुजसिपमा विवाह, ब्रतबन्ध, पास्नी, जन्मोत्सव, वैवाहिक वर्षगाँठ लगायतका गतिविधिहरु गर्न पाइने कम्पनीका प्रबन्ध निर्देशक रामचन्द्र कँडेलले बताउनुभयो । क्रुजसिप निर्माणमा रु १५ करोड बढी खर्च भएको कँडेलले जानकारी दिनुभयो । उहाँका अनुसार क्रुज सञ्चालनका लागि ४० किलोमिटरसम्मको अनुमति लिइएको छ । रुट पहिचान गरेर सोही अनुसार यात्रा गराइने उहाँले जानकारी दिनुनुभयो । क्रुजसिपभित्र रेष्टुराँ, कार्यक्रमका लागि स्टेज, बैठक सेमिनार गर्न मिल्ने हल, सेल्फी प्वाइन्ट पनि निर्माण गरिएको छ ।

# नेपाल एयरलाइन्सद्वारा इलाम-काठमाडौं उडान भर्दै

रासस

काठमाडौं, १ माघ

नेपाल एयरलाइन्सले आजदेखि इलाम-काठमाडौं उडान सुरु गर्नेभएको छ । सातामा एउटा उडान गर्ने गरी इलाम नगरपालिका र नेपाल एयरलाइन्सबीच सहमति समेत भएको छ ।

एक वर्षअघि करिब तीन महिना उडान भएर स्थगन भएको इलामको फाल्गुनन्द सुकिलुम्बा विमानस्थलमा आजदेखि पुनः उडान सञ्चालन हुने भएको हो । इलाम नगरपालिका-९ मा रहेको यस फल्गुनन्द सुकिलुम्बा विमानस्थलबाट गत वर्ष इलाम नगरपालिकाले तारा एयरसँग सम्झौता गरेर केही उडान गरेको थियो । तर सम्झौता सकिएसँगै उडानसमेत बन्द भएको छ ।

विमानबाट इलाम-काठमाडौं करिब एक घण्टामा एकोहोरो उडान गर्न सकिन्छ । आज करिब ८ बजे काठमाडौंबाट उडान गर्ने तालिका रहेको छ । इलाममा करिब ९ बजे आउने र साढे नौ बजे काठमाडौंका लागि उड्ने तालिका निर्धारण भएको इलाम नगर प्रमुख केदार थापाले बताउनुभयो । उहाँले उडानसँगै इलाममा पर्यटकको सङ्ख्यामा वृद्धि हुने अपेक्षा लिएको जानकारी दिनुभयो । इलामबाट १९ सिट क्षमताको ट्वीनअटर जहाज सञ्चालन हुनेछ । इलामबाट काठमाडौंको एकतर्फी भाडा रु छ हजार तीन सय तोकिएको छ । काठमाडौंबाट इलामका लागि भने एकतर्फी भाडा रु छ हजार पाँच सय तोकिएको छ । तर ज्येष्ठ नागरिक, विद्यार्थी र बालबालिकालाई विशेष छुटको सुविधा उपलब्ध गरिएको नगरपालिकाले जनाएको छ । एक उडानमा दुई जना ७० वर्ष नाघेका ज्येष्ठ नागरिकलाई करबाहेकको रकममा ५० प्रतिशत भाडा छुट गरिएको छ । यात्रुले इलाम बजारस्थित सिटीमार्टको पहिलो तलाबाट टिकट लिने व्यवस्था मिलाइएको नगरपालिकाले जनाएको छ । यो विमानस्थलबाट इलामसहित पाँचथर, ताप्लेजुङ र भारतको दार्जिलिङका बासिन्दाले पनि सुविधा पाउने अपेक्षा गरिएको छ । पर्यटकीय क्षेत्र इलाम भएका कारण नियमित उडान राख्दा यात्रु पाउन समस्या नहुने नगरपालिकाले जनाएको छ । यस विमानस्थल छ सय ७० मिटर लम्बाइ र २० मिटर चौडाइको धावनमार्ग कालोपत्र गरिएको छ ।

# गायिका छन्त्यालको जहाज दुर्घटनामा निधन, कलाकारिता क्षेत्र शोकमा

रासस

काठमाडौं, १ माघ

यती एयरको जहाज दुर्घटनामा परी लोकदोहोरी गायिका रिना छन्त्यालको निधन भएको छ ।

विशेषगरी प्रत्यक्ष दोहोरीमा चर्चित गायिका छन्त्यालको आज बिहान पोखरामा भएको जहाज दुर्घटनामा निधन भएको हो । 'माइतलीको धुरी', 'साली कस्को भेनाको', 'बुकी', 'सारङ्गीनी', 'फल केसरी', 'सुर्ते मायाको', 'मुरली धुन' लगायत दर्जनौं गीतमा स्वर दिनुभएकी गायिका छन्त्याल माघे सङ्क्रान्ति पर्वका अवसरमा आयोजित साङ्गीतिक कार्यक्रममा भाग लिन आज बिहान काठमाडौंदेखि पोखरा जानुभएको थियो ।

माघे सङ्क्रान्तिको अवसरमा पोखरामा आयोजना गर्न लागिएको कार्यक्रमका लागि प्रस्थान गर्नुभएकी उहाँको दुर्घटनामा निधन भएको उहाँकी दिदी हीरा छन्त्याल शेरचनले पुष्टि गर्नुभयो । उहाँ सवार जहाज पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरणका क्रममा सेती खोँचमा दुर्घटनाग्रस्त भएको थियो । उक्त दुर्घटनासँगै नेपाली लोकसङ्गीत क्षेत्रले प्रतिभावान् कलाकार गुमाएको छ । बागलुङको बडिगाड गाउँपालिका-३ सिसाखानीमा जन्मनुभएकी छन्त्याल पछिल्लो समय चर्चामा हुनुहुन्थ्यो । कलाकार टिका सानुले नेपाली लोक साङ्गीतिक क्षेत्रले अत्यन्त इमान्दार र मेहनती कलाकार गुमाउनुपरेको बताउनुभयो ।

बडिगाड-८ का टिका पाइजाले छन्त्यालले सानैदेखि रुचि लिएर गायन क्षेत्रमा लागेको बताउनुभयो । 'पछिल्लो पटक गत मङ्सिरमा बडिगाडको न्वागी मेलामा आउनुभएको थियो, जिल्लामा हुने मेला, महोत्सवमा आइरहनुहुन्थ्यो', पाइजाले भन्नुभयो, 'दुई/तीन वर्षयता उहाँ लोकदोहारीमा बढी चिनिन थाल्नुभएको थियो, युट्युबमा पनि उहाँका गीत चलेका थिए ।'

छन्त्यालले आफ्नै युट्युब च्यानलमार्फत प्रत्यक्ष दोहोरीसमेत गाउने गर्नुहुन्थ्यो । सङ्गीत क्षेत्रमा भविष्य खोज्दै छन्त्याल केही वर्षअघि काठमाडौं छिर्नुभएको थियो । गायनमा सफल हुँदै गएपछि उहाँको व्यस्तता पनि बढ्दै गएको थियो । शनिबार मात्र काठमाडौंमा आयोजित कार्यक्रममा उहाँले प्रस्तुति दिनुभएको थियो । गायक राजु परियारले गायिका छन्त्यालको निधनले नेपाली लोक दोहोरी गीत क्षेत्रले ठूलो क्षति बेहोर्नुपरेको भन्दै दुःख व्यक्त गर्नुभयो ।

शनिबार नै टुँडिखेलामा सिसाखानीको ऐतिहासिक घाटु नाच प्रदर्शनका लागि पनि उहाँ सक्रिय भएर लाग्नुभएको थियो । पोखरामा आउनुअघि उहाँले सामाजिक सञ्जालमार्फत माघे सङ्क्रान्ति पर्वको शुभकामना दिनुभएको थियो । फेसबुकमा अरुले फर्काएका शुभकामनाका सन्देशसमेत हेर्न नपाउँदै छन्त्याल सेती खोँचमा अस्ताउनुभएको छ । बुबाआमालगायत उहाँका परिवारजन बाग्लुङ गाउँमै बस्नुहुन्छ ।

# वरिष्ठ नेता पौडेलद्वारा दुःख व्यक्त

पोखरापत्र संवाददाता

दमौली, १ माघ

यती एयरलायन्सको जहाज दुर्घटनाप्रति नेपाली काँग्रेसका वरिष्ठ नेता एवं सांसद रामचन्द्र पौडेलले दुःख व्यक्त गर्नुभएको छ । वरिष्ठ नेता पौडेलले शोकवक्तव्य जारी गरी दुर्घटनाको खबरले आफूलाई स्तब्ध बनाएको उल्लेख गर्नुभएको छ ।

वरिष्ठ नेता पौडेलले घटनामा परी दिवङ्गत हुनुभएकाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारप्रति समवेदना प्रकट गर्नुभएको छ । आइतबार बिहान १०:३२ बजे काठमाडौंबाट पोखराका लागि ६८ यात्रु र चार चालक दलका सदस्यसहित उडेको एआरटी ७२ विमान पोखरा महानगरपालिका-१५ नयाँगाउँस्थित सेती नदीको खोँचमा दुर्घटनामा परेको थियो ।

# पर्यटकीयस्थल बन्दिपुरमा गोरु जुधाइ प्रतियोगिता

पोखरापत्र संवाददाता

दमौली, १ माघ

माघे सङ्क्रान्ति पर्वको अवसरमा आइतबार तनहुँको पर्यटकीयस्थल बन्दीपुरमा गोरु जुधाइ प्रतियोगिता सम्पन्न भएको छ ।

नारायण-गोपाल युवा क्लबद्वारा बन्दीपुर गाउँपालिका-२ स्थित कुकुर्दीमा आयोजित गोरु जुधाइमा हल्थुम्काका नवीन गुरुङको गोरु प्रथम र कुकुर्दीका सन्तोष गुरुङको गोरु द्वितीय भएको छ । प्रतियोगितामा गाउँपालिकाभित्रका १४ हल गोरु सहभागी गराइएको क्लबका अध्यक्ष उज्ज्वल गुरुङले जानकारी दिनुभयो । प्रतियोगितामा पहिलो हुने गोरुका धनीलाई नगद रु १५ हजार र दोस्रो हुनेलाई रु सात हजार पुरस्कार प्रदान गरिएको छ ।

क्लबले प्रत्येक वर्ष माघे सङ्क्रान्तिमा सो प्रतियोगिता गर्दै आएकाले यस वर्ष पनि निरन्तरता दिइएको उहाँले बताउनुभयो । सोही अवसरमा क्लबले आमा समूहका लागि डोरी तान्ने प्रतियोगिता, पुरुषका लागि बाँसको लिङ्गोबाट भाले टिपाइ प्रतियोगिता र खुलातर्फ थैंटो फुटाइ प्रतियोगिता तथा विभिन्न किसिमका मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम गरेर माघे सङ्क्रान्ति मनाइएको सो क्लबले जनाएको छ ।